# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

**सानोठिमी, भक्तपुर**

## कक्षा १२ का नियमित, ग्रेडवृद्धि/आंशिक परीक्षार्थीहरूको (साधाण, संस्कृत तथा प्राविधिक समूह)
## परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्बन्धी सूचना

सम्बन्धन प्राप्त माध्यमिक विद्यालय/क्याम्पसमा कक्षा १२ मा अध्ययन गरी २०७८ सालमा संचालन गरिने बार्षिक परीक्षामा सहभागी हुने नियमित, ग्रेडवृद्धि (**C वा सो भन्दा तलको ग्रेड प्राप्त गरेका विषयमा ग्रेडवृद्धि परीक्षा दिन चाहने परीक्षार्थीहरुका लागि**), आंशिक तर्फ रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७० वा सो भन्दा बढी भएका परीक्षार्थीहरुलाई २०७७ साल फागुन मसान्तसम्म र सो समयभित्र रकम दाखिला गर्न छुटेका परीक्षार्थीहरूले २०७७ चैत्र १५ गतेभित्र **बिलम्ब शुल्क सहित** राष्ट्रिय परीक्षा बोर्डले तोकेको ढाँचामा परीक्षा आवेदन फाराम भरी सम्बन्धित विद्यालय/क्याम्पस मार्फत २०७७ चैत्र २२ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरूमा आवेदन पेश गर्नुहुन सबैलाई सूचित गरिएको छ । परीक्षा आवेदन फाराम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ ।

१. कक्षा १२ को नियमित परीक्षार्थीको रुपमा आवेदन फाराम भर्ने विद्यार्थीहरू (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अङ्क ७७ भएका) ले २०७७ सालमा विद्यालय मार्फत लिइएको कक्षा ११ का सम्पूर्ण विषयमा सैद्धान्तिकतर्फ D+ र प्रयोगात्मकतर्फ C ग्रेड प्राप्त गरेको हुनुपर्नेछ । परीक्षा आवेदन फारामका साथ विद्यालयबाट प्रदान गरिएको (तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको) कक्षा ११ को ग्रेडसिट अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । अन्यथा आवेदन फाराम मान्य हुने छैन ।

२. परीक्षा आवेदन शुल्क (विलम्ब शुल्क रहित) प्रति विद्यार्थी रु. ६००।- (छ सय) विलम्ब शुल्क सहित प्रति विद्यार्थी रु. १२००।- (एक हजार दुई सय) राष्ट्रिय परीक्षा बोर्डको खातामा जम्मा गर्नुपर्ने छ ।

प्रयोगात्मक परीक्षा हुने विषयका लागि प्रति विद्यार्थी प्रति विषय रु. ७५।- (पचहत्तर) थप बुझाउनु पर्नेछ । बुँदा नं. ७ मा उल्लेखित विषयहरूको प्रयोगात्मक शुल्क विद्यालयहरूले राखी विद्यालयहरूबाटै आन्तरिक र वाहृय परीक्षकलाई पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ । बुँदा नं. ८ मा उल्लेखित विषयहरूको हकमा प्रति विषय प्रयोगात्मक शुल्क रु. ७५।- (पचहत्तर) मध्ये प्रति विषय रु. २५।- (पच्चिस) का दरले हुने रकम सम्बन्धित विद्यालयमा नै राखी आन्तरिक परीक्षकको पारिश्रमिक वापत उपलब्ध गराउनु पर्नेछ भने बाँकी प्रति विषय रु.५०।- (पचास) का दरले हुने रकमको बैंक भौचर राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयको नाममा २०७७ फागुन मसान्तसम्म दाखिला गर्नुपर्नेछ । सो समयभित्र प्रयोगात्मक शुल्क बुझाउन छुट भएका परीक्षार्थीहरूले **बिलम्ब शुल्क सहित** प्रति विषय रू. १५०।- **मध्ये** प्रति विषय **रू. १००।-** का दरले हुने रकम २०७७ चैत्र १५ गते भित्र बोर्डको खातामा दाखिला गर्नुपर्नेछ । तोकिएको मिति पछि जम्मा गरिएका भौचर राखी बुझाइएका फारामहरू स्वीकृत गरिने छैन ।

३. बुँदा नं. २ मा उल्लेख भएको परीक्षा आवेदन फाराम वापतको शुल्क (विलम्ब शुल्क रहित प्रति विद्यार्थी रु. ६००) बुझाउँदा नियमित परीक्षार्थीको रुपमा परीक्षा आवेदन फाराम भर्ने (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अङ्क ७७ हुने विद्यार्थी) विद्यार्थीहरुको परीक्षा आवेदन फाराम वापतको शुल्क रु. ६०० मा कक्षा ११ को परीक्षा आवेदन शुल्कमा समायोजन गरिएको रकम रु. ४०० घटाई बाँकी हुन आउने रकम रु. २०० मात्र बुझाउनुपर्ने छ । तर आंशिक/ग्रेडवृद्धि परीक्षार्थीका हकमा प्रति विद्यार्थी रु. ६०० नै बोर्डको खातामा जम्मा गर्नुपर्ने छ ।

४. जुन अवधि र प्रयोजनका लागि रकम दाखिला गर्न भनिएको हो सो अवधि भित्रको बैंक भौचर सोही प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइनेछ । सो भन्दा फरक मितिको बैंक भौचर स्वीकार गरिने छैन ।

५. विद्यालयले विद्यार्थीहरूको परीक्षा आवेदन फाराम पठाउँदा साल र रजिष्ट्रेशन नम्बरको आधारमा क्रमाङ्क मिलाई पठाउनु पर्नेछ ।

६. नियमित, ग्रेडवृद्धि/आंशिक तीनवटै समूहका विद्यार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनु पर्नेछ । परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

७. प्रयोगात्मक परीक्षा हुने (Geography (219), Health & Physical Education (245), Population Education (247), Sociology (273), Human Value Education (291), Rural Development (603), Environmental Education (609), Veda (619), Classical Tabala (636), Sports Science (667), Legal Drafting (669), Marketing (911), Primary Education (915), Practicum (Practice Teaching/Case Study) (920), Special Need Education (935), Food & Nutrition (941) विषयहरूको प्रयोगात्मक परीक्षा सम्बन्धित विद्यालयले राष्ट्रिय परीक्षा बोर्डबाट उपलब्ध गराइएको प्रयोगात्मक प्राप्ताङ्क भर्ने निर्देशिका अनुसार २०७८ वैशाख १५ गतेभित्र संचालन गरी/गराई सोको प्राप्ताङ्क २०७८ बैशाख मसान्तभित्र विद्यार्थीको नाम, रजिष्ट्रेशन नम्बर अनुसार क्रमबद्ध रुपमा मिलाई राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. बुँदा नं. ७ मा उल्लेखित विषयहरु बाहेक प्रयोगात्मक परीक्षा हुने अन्य विषयहरु :– Physics (211), Chemistry (213), Biology (215), Computer Science (231), Dance (251), Music (255), Mass Communication (263), Home Science (265), Hotel Management (271), Travel and Tourism (275), Agriculture (279), Classical Vocal (637), Folk Music Vocal (639), Folk Music Instrument (641), General Science (929), Chemistry Education (943), Classical instrument Flute (953), प्राविधिक विषयसमूह तर्फ Plant Science (643,645,647), Animal Science (649,651,653), Computer Engineering (655,657), Civil Engineering (659,661), Electrical Engineering (663,665), Music तर्फ (679,681,683,685,687) का विषयहरूको प्रयोगात्मक परीक्षा २०७८ वैशाख मसान्तभित्र सम्पन्न गरी सो परीक्षाको प्राप्ताङ्क बोर्डका सम्बन्धित कार्यालयहरूमा २०७८ जेठ १५ गतेभित्र अनिवार्य रूपमा उपलब्ध गराइसक्नु पर्नेछ । यस परीक्षाको लागि आन्तरिक परीक्षक सम्बन्धित विद्यालयले स्वयं व्यवस्था गर्नेछ । वाह्य परीक्षक बोर्डका सम्बन्धित कार्यालयबाट नियुक्त गरिने छ । उक्त परीक्षाको समयतालिका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयसँग समन्वय गरी २०७८ वैशाख ७ गतेभित्र तय गर्नुपर्नेछ । तोकिएको समयभित्र प्राप्त नभएका प्राप्ताङ्क उपर कुनै कारवाही गरिने छैन ।

९. ग्रेडवृद्धि/आंशिक परीक्षार्थीको रूपमा सहभागी हुने परीक्षार्थीहरूले आफु कक्षा १२ को नियमित परीक्षामा जुन विद्यालयबाट आवेदन फाराम भरी परीक्षा दिएको हो सोही विद्यालयबाट मात्र आवेदन फाराम भर्नु/भराउनु पर्नेछ । अन्य विद्यालयबाट भरे/भराएको पाइएमा उक्त परीक्षा आवेदन फाराम रद्द गरिनेछ ।

१०. कक्षा ११ मा अनिवार्य नेपाली (००३) विषय अध्ययन गरेका विद्यार्थीहरूले कक्षा १२ को आवेदन फाराम भर्दा पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका, २०५५ (परिमार्जित २०६७) मा व्यवस्था भए बमोजिम अनिवार्य रुपमा इच्छाधीन चतुर्थ समूहमा तोकिएका विषयहरूमध्येबाट कुनै एक विषय छनौट गर्नुपर्ने छ । सो भन्दा फरक समूहबाट विषय छनौट गरेमा उक्त विषय स्वतः रद्द हुनेछ ।

११. नियमित परीक्षार्थीहरुले कक्षा १२ को ऐच्छिक विषयहरूको फाराम भर्दा "कक्षा ११ को परीक्षा सञ्चालन, व्यवस्थापन, मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७" को अनुसूची २ मा उल्लेखित कक्षा ११ मा अध्ययन गरेका विषयसँग सम्बन्धित विषयहरु मात्र लिनुपर्ने छ ।

१२. प्रयोगात्मक परीक्षा मात्र बाँकी भएका परीक्षार्थीहरूले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भरी बुँदा नं. १ मा उल्लेख गरे अनुसारको शुल्क बुझाउनु पर्नेछ ।

१३. परीक्षा आवेदन फाराम विद्यार्थी स्वयंले भरेको हुनुपर्नेछ । उक्त विवरण विद्यालयले अनलाईन (online) मार्फत प्रविष्टी (Entry) गर्ने व्यवस्था मिलाइनेछ । अनलाईन (online) मार्फत प्रविष्टी (Entry) गर्नका लागि बोर्डको अनलाईन प्रविष्टी (Online Entry) सम्बन्धमा बोर्डको Website: http://exam.neb.gov.np मिति २०७७ फागुन १५ गतेबाट खुल्ला गरी २०७७ चैत्र २० गते बन्द गरिने भएकोले सोही अनुसार समयमै आवेदन फारामको अनलाईन प्रविष्टी (Online Entry) गर्नुहुन जानकारी गराईन्छ ।

१४. राष्ट्रिय परीक्षा बोर्डका कार्यालयहरूले आ-आफ्नो क्षेत्र भित्रका विद्यालय/क्याम्पसहरूलाई सूचनाको जानकारी गराई यसै सूचना अनुसार कार्य सम्पादन गर्नु/गराउनु हुन जानकारी गराइन्छ ।

–परीक्षा नियन्त्रक